# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०८।२६ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

रुपन्देही जिल्ला साविक जोगडा गा.वि.स.स्थित श्री जोगडा माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक श्री जैस मुहम्मदले बिदाको विवरणमा सरकारी कागज किर्ते गरी भ्रष्टाचारजन्य कार्य गरेको र हाल सोही विद्यालयमा कार्यरत प्रधानाध्यापक निजामुद्दिन खाँले विज्ञान सामग्री खरिद नगरी नक्कली बिल भरपाई पेस गरी भ्रष्टाचारजन्य कार्य गरेको हुँदा कारबाही गरी पाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा निज पूर्व प्रधानाध्यापक जैस मुहम्मदले सेवाबाट अवकाश हुँदा सरकारी रकम लिनेखाने बदनियतले आफूखुसी बिरामी बिदा ३३१ दिन बनाई अनाधिकार एवं गैरकानूनी तरिकाले सरकारी कागजको व्यहोरा सच्याई रु.२,३७,९१७।- (दुई लाख सैतीस हजार नौ सय सत्र) भुक्तानी लिएको सप्रमाण पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर देखिएकोले निजलाई सोही ऐनको दफा ११ बमोजिम सजाय हुन तथा जोगडा माध्यमिक विद्यालयका प्रधानाध्यापक निजामुद्दिन खाँले विद्यालयमा विज्ञान सामग्री खरिद गर्नको लागि निकासा भएको रकमबाट विज्ञान सामग्री खरिद गरेकोमा खरिद गरेको सामग्री मध्ये रु.२,५१,६६७।३४ (दुई लाख एकाउन्न हजार छ सय सतसठ्ठी रुपैयाँ चौंतीस पैसा) बराबरको सामग्री विद्यालयमा दाखिला नगरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.२,५१,६६७।३४ (दुई लाख एकाउन्न हजार छ सय सतसठ्ठी रुपैया चौंतीस पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ एवं सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ ) बमोजिम सजाय हुन मागदाबी लिई मिति २०७५।८।२५ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता